## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

### (प्रकाशित मिति २०८०।०५।०१ गतेको आर्थिक राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०।०५।०८ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलवन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरू तथा शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरूको विवरण:

| क.स. | जिल्ला | न.पा./ गा.वि.स. | वडा नं./ नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | सरावल | ८ / ८क | ४३६ | १८६.२२ | जग्गा |
| | | सरावल | ८ / ८क | ४९५ | २५६.०५ | जग्गा |
| | | सरावल | ८ / ८क | ४२८ | ३३८.५८ | जग्गा |
| | | सरावल | ८ / ८घ | १३१ | १९६४.११ | जग्गा |
| २. | काठमाण्डौ | महांकाल | ९ /१०२१०२७०३ | ५७ | १९५.७५ | घरजग्गा |
| ३. | तनहुँ | मैवल | २/२ ग | ५३७ | १२७.१८ | जग्गा |
| ४. | कञ्चनपुर | कालिका | ४/०२६०९५८ | ११०५ | ८५.०० | घरजग्गा |
| ५. | रूपन्देही | पर्रोहा | १/१ग | ८४८ | ६७.७३ | घरजग्गा |
| | | पर्रोहा | १/१ग | ८५० | ६७.७३ | घरजग्गा |
| | | पर्रोहा | १/१ग | ८६६ | ८८.८९ | घरजग्गा |
| | | पर्रोहा | ५/५ख | ३३४२ | १५२.३९ | जग्गा |
| ६. | मकवानपुर | ज्यामिरे | ५/५ | १५६२ | ३०८.९७ | घरजग्गा |
| ७. | मकवानपुर | बसामाडी | २/२ | ४३०४ | २७०९.०४ | जग्गा |
| ८. | काठमाण्डौ | डाडापौवा, रामकोट | ८/८क | २१३ | ३८१.४८ | घरजग्गा |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
Ext. १०७, १०४



## नबिल बैंक लिमिटेड, कालिमाटी शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०५/०१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिने छ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुने छ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी नाम र ठेगानाको विवरण

पल बहादुर खडकाकी छोरी, गणेश बहादुर कार्कीकी बुहारी, अर्जुन कार्कीकी श्रीमती, काठमाडौं जिल्ला, पुरानो नैकाप गा.वि.स. वडा नं. ६ स्थायी घर भइ हाल काठामडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १३ बस्ने, नागरिकता नं. ०२७३४२/१५१८, (जारी मिति: २०६३/१०/१३, स्थान काठमाडौं) भएकी **श्रीमती इन्दु कार्की** ।

जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

कृष्ण बहादुर कार्कीको नाति, गणेश बहादुर कार्कीको छोरा, काठमाडौं जिल्ला, पुरानो नैकाप गा.वि.स. वडा नं. ६ स्थायी घर भइ हाल काठामडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १३ बस्ने, नागरिकता नं. ७११०, (जारी मिति: २०५१/११/१६, स्थान काठमाडौं) भएको **श्री अर्जुन कार्की** ।

धितोको विवरण

धितोमा रहेको घर जग्गाको विवरण :

काठमाडौं जिल्ला, पुरानो नैकाप गा.वि.स. वडा नं. ६ स्थायी घर भइ हाल काठामडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १३ बस्ने, **श्री अर्जुन कार्कीको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, पुरानो नैकाप गा.वि.स. वडा नं. ६ सिट नं. ६ मा अवस्थित कि.नं. ११०७ र ११०३ को क्षेत्रफल क्रमश ०-०-२-२ र ०-०-२-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१


# सोह्रौं योजना वस्तुनिष्ठ र परिणाममुखी बनाउन चेम्बरको सुझाव

आर्थिक संवाददाता

काठमाडौं, साउन ३२

नेपाल चेम्बर अफ कमर्सले सोह्रौं योजनालाई वस्तुनिष्ठ र परिणाममुखी बनाउन राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराएको छ । मुलुकमा रहेका प्राकृतिक स्रोत र साधनको उच्चतम प्रयोग एवम् निर्यातको वातावरण सिर्जना गर्नेगरी योजना तर्जुमा गर्न चेम्बरले सुझाव दिएको हो ।

सोह्रौं योजनाको अवधारणा एवम् अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नतिपछि उत्पन्न परिस्थितिबारे चेम्बरले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठसहित निजी क्षेत्रका सरोकारवालसँग बिहीबार बृहत् छलफल गरेको थियो । पन्ध्रौं योजनामा उल्लेखित कतिपय लक्ष्यहरु पूरा हुन नसकेको सन्र्दभमा सोह्रौं योजनालाई वस्तुनिष्ठ र परिणाममुखी बनाउनुपर्ने चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले बताए । योजना आयोगको



लक्ष्य एवम् सरकारको वार्षिक बजेटबीच समन्वय हुन नसक्दा अपेक्षाअनुसारको परिणाम हासिल हुन नसकेको मल्लको भनाइ छ ।

कार्यक्रममा अध्यक्ष मल्लले भने, 'पन्ध्रौं योजनाको अन्त्य हुने आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धि १० दशमलव तीन प्रतिशत गर्ने लक्ष्य राखिएको थियो, चालू आर्थिक वर्षका लागि आर्थिक वृद्धिको लक्ष्य नै छ प्रतिशत राखिएको छ ।' पन्ध्रौं योजनामा समावेश गरिएका अधिकांश लक्ष्यहरु अधुरै रहेको अध्यक्ष मल्लको भनाइ छ । प्रमुख सहरहरुमा मेट्रो रेल निर्माण, १८ स्थानमा औद्योगिक क्षेत्र निर्माणजस्ता महत्वाकांक्षी कार्यक्रमहरु पन्ध्रौं योजनामा समावेश भए पनि कार्यान्वयन हुन नसकेको अध्यक्ष मल्लले बताए । नेपाल सन् २०२६ मा अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति हुने भएकाले त्यसपछिको अवस्थालाई मध्यनजर गरेर रणनीति तय हुनुपर्ने चेम्बरले सुझाव समेत दिएको छ । अध्यक्ष मल्लले भने, 'नेपाल अबको केही वर्षमै विकासशील राष्ट्रमा प्रवेश गर्दैछ, त्यसपछि राष्ट्रले युरोपेली मुलुकमा पाउँदै आएको व्यापार सहुलियत समेत गुमाउँदैछ ।'

भारत र चीनका ठूला बजारलाई जोड्न भू-जडित रणनीतिक सडकहरु निर्माणको विषयलाई सोह्रौं योजनाले समेट्नुपर्ने अध्यक्ष मल्लले बताए । उत्तर-दक्षिण जोड्ने सडक पूर्वाधार एवम् रेल निर्माणको विषय राष्ट्रिय प्राथमिकतामा पर्नुपर्ने उनको भनाइ थियो । सोह्रौं योजनामा जलविद्युत्, कृषि, पर्यटन, र सूचना प्रविधि क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा मल्लले जोड दिए ।

कार्यक्रममा योजना आयोगका उपाध्यक्ष डा श्रेष्ठले सोह्रौं योजना सामाजिक न्याय र सुशासनसहितको आर्थिक समृद्धिमा केन्द्रित हुने बताए । कृषिको पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्रको वस्तुनिष्ठ अध्ययन गरेर योजना तर्जुमा गर्ने काम भइरहेको उपाध्यक्ष श्रेष्ठले जानकारी दिए । अतिकम विकसित मुलुकको सूचीबाट नेपाल स्तरोन्नति भएपछि उत्पन्न हुने परिस्थितिका सम्बन्धमा आयोगले रणनीतिक तयारी गरिरहेको समेत उनले बताए । उपाध्यक्ष श्रेष्ठले भने, 'अतिकम विकसित मुलुकबाट नेपाल स्तरोन्नति भएपछि युरोपेली मुलुकबाट पाउँदै आएको व्यापार सहुलियतमा केही असर गर्न सक्छ, यसका लागि पनि हामीले तयारी गरिरहेका छौं ।' औद्योगिक क्षेत्र विस्तारमार्फत निर्यात वृद्धि एवम् वैदेशिक लगानी भित्र्याउनका लागि आयोगले तयारी गरिरहेको श्रेष्ठको भनाइ छ ।

# नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह

आर्थिक संवाददाता

काठमाडौं, साउन ३२

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तासँग आग्रह गरेका छन् । चीन साउथ एसिया बिजनेस फोरमको तर्फबाट युनान प्रान्तको कुनमिङमा आयोजित चाइना (युनान) नेपाल इन्डस्ट्रियलको अपरेसन प्रमोसन एन्ड इन्टरप्राइजेज म्याचमेकिङ बैठकमा ढकालले प्राकृतिक स्रोत साधन, दक्ष जनशक्ति, बजार पहुँच र चीन तथा भारतसँग भएका सहुलियतपूर्ण व्यापार सम्झौताले नेपाल लगानी गन्तव्यको रुपमा विकसित भइरहेको बताए ।

अध्यक्ष ढकालले युनान र नेपालको मिल्दोजुल्दो भौगोलिक अवस्था र जलस्रोतले भरिपूर्ण रमणीय स्थललगायतका समान विशेषताका कारण पनि चिनियाँ लगानीकर्ताका लागि नेपालमा लगानी गर्न सहज हुने उल्लेख गरे । कुनमिङ र पोखराबीचको भगिनी सहर सम्बन्ध रहेको उल्लेख गर्दै उनले सांस्कृतिक आदानप्रदान, पर्यटन र अनुसन्धान तथा विकास सहकार्यलाई प्रवर्द्धन गर्ने यो सम्बन्धलाई उपयोग गर्नुपर्ने बताए । ढकालले चिनियाँ 'ड्रागन बोट फेस्टिभल'मा सिचुआन एयरलाइन्सको हालै पोखराको पहिलो उडानले नेपालमा चिनियाँ पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको बताए । ऊर्जा, पर्यटन पूर्वाधार, यातायात, व्यापार सहजीकरण, साना तथा मझौला उद्योग, आईसीटी र कृषिजस्ता विविध क्षेत्रमा नेपालमा थप लगानीका आकर्षक अवसर रहेको उनले




जानकारी गराएका थिए ।

नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीहरुले निरन्तर नाफा कमाएको उल्लेख गर्दै उनले भारत, ईयू र अन्य विकसित बजारमा नेपालले पाएको सहुलियतपूर्ण व्यापारिक पहुँचलाई लगानीकर्ताहरुले उपयोग गर्न सक्ने पनि अध्यक्ष ढकालले उल्लेख गरे । अध्यक्ष ढकालले युनान र नेपालबीचको आर्थिक सम्बन्ध थप सुदृढ गर्न, व्यापार र अन्तरसरकारी सम्पर्कलाई थप विस्तार गर्न पनि आह्वान गरे । यसले लगानी, पर्यटन, व्यापार र औद्योगिक साझेदारीमा थप अभिवृद्धि हुने विश्वास ढकालको थियो । अध्यक्ष ढकालले चाइना साउथ एसिया एक्स्पोमा नेपाल कन्ट्री प्याभिलियनमा नेपालको जीवन्त संस्कृति र लगानीको सम्भावना पहिचान गर्न सबै सहभागीलाई निमन्त्रणा समेत गरे । कार्यक्रममा चीन, नेपाल र दक्षिण एसियाली देशका विशिष्ट नेताहरु, सरकारी अधिकारीहरु, व्यवसायीहरु र सञ्चारकर्मीहरुको सहभागिता थियो ।

# ब्याडमिन्टन एसिया क्षेत्रीय प्रतियोगिता हुने

काठमाडौं, साउन ३२ । ब्याडमिन्टन एसियाको आयोजना तथा नेपाल ब्याडमिन्टन संघको तत्वावधानमा ब्याडमिन्टन एसिया (दक्षिणएसिया) क्षेत्रीय जुनियर च्याम्पियनसीप आज अर्थात शुक्रबारदेखि हुने भएको छ ।

अल्पविकसित राष्ट्रहरुमा ब्याडमिन्टन खेलको विकास र विस्तार गर्ने उद्देश्यले ब्याडमिन्टन एसियाले सञ्चालन गर्ने उक्त प्रतियोगितामा यु-१५ र यु-१७ गरी दुई विधामा प्रतिस्पर्धा हुनेछ । यसमा छात्र एकल, छात्रा एकल, छात्र युगल, छात्रा युगल र मिक्स गरी पाँच-पाँच विधामा प्रतिस्पर्धा हुनेछ । भदौ पाँच गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिता नेपाल एपिएफको हलचोकस्थित कभर्डहलमा हुनेछ । प्रतियोगितामा नेपालसहित भुटान, श्रीलंका, बङ्गलादेश, माल्दिभ्स र पाकिस्तान गरी छ राष्ट्रका करिब ५२ खेलाडीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ ।

छात्र तथा छात्रातर्फ समान २६/२६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रत्येक राष्ट्रबाट आठ/आठ खेलाडी तथा नेपालबाट १६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । आयोजकको हैसियतले नेपाली खेलाडीले एक विधामा तीन खेलाडीले स्पर्धा गर्न पाउनेछन् भने अन्य राष्ट्रबाट दुई खेलाडीले स्पर्धा गर्न पाउनेछन् । ब्याडमिन्टन एसियाका विकास व्यवस्थापक थानाबालन अरिकृष्णनले एसियामा ब्याडमिन्टनको विकास र विस्तार गर्न के-कस्ता कार्यक्रम हुनुपर्ने भन्ने छलफल र महिलालाई ब्याडमिन्टनमा आकर्षण गर्ने कार्यक्रम तर्जुमा गर्नका लागि यस किसिमको प्रतियोगिताको आयोजना गर्न लागिएको बताए ।


## नेपाल प्रहरी अस्पताल, स्कूल अफ हेल्थ साइन्सेज

महाराजगञ्ज, काठमाण्डौ

### विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशय-पत्रको सूचना

सूचना नं. ०३/२०८०/०८१

प्रकाशित मिति : २०८०।०५।०१ गते

नेपाल प्रहरी अस्पताल, स्कूल अफ हेल्थ साइन्सेज अन्तर्गत PCL Nursing कार्यक्रम र स्वास्थ्य सम्बन्धी थप शैक्षिक कार्यक्रमहरु संचालन गर्नको लागि (Rennovation of existing Building of Nepal Police Hospital to make necessary infrastructures for School of Health Sciences) Contract Identification NumberM NCB/NPH/SHS–2079/080/01 मिति २०८०।०२।३२ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार Zenith Construction and Suppliers Pvt. Ltd. Kathmandu Jorpati ले पेश गरेको कबोल अङ्क (मु.अ.कर बाहेक) रू.२१,९७,३४५।०५ (**अक्षेरुपी एक्काईस लाख सन्तानव्वे हजार तिन सय पैतालिस पैसा पाच**) मात्रको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्था बमोजिम बोलपत्र स्वीकृतका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन२०६३ (संशोधन सहित) को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**विस्तृत जानकारीको लागि यस अस्पतालको कल्याण शाखामा वा टेलिफोन नं.०१-४५१२४३०, ०१-४४१२५३०, ०१-४००२५७६ Ex.no.११३ मा सम्पर्क गर्न हुन अनुरोध गरिएको छ ।**



## कटारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

कटारी,उदयपुर

कोशी प्रदेश, नेपाल

### आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति .२०८०/०५/०१

कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारीले स्थानीय सरकार संचालन ऐन, २०७४, कोशी प्रदेश आर्थिक ऐन २०७९ र कटारी नगरपालिकाको आर्थिक ऐन, २०८०/२०८१ मा उल्लेख भएको दर/रेटका आधारमा विज्ञापन कर ठेक्का वन्दोवस्त गर्न रितपुर्वक १५ (पन्ध्र) दिने शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । योग्यता पुगेका इच्छुक फर्म/कम्पनीले देहाय बमोजिका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन कर

| राजश्व आय ठेक्का नं | न्युनतम कबोल रकम ( भ्याट वा अग्रिम आय कर वाहेक ) रु. | | | | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | कुल जम्मा | |
| ५/२०८०/२०८१ | ३,००,००० /- | ३,३०,०००/- | ३,६३,०००/- | ९,९३,०००/- | रु.१००० |

दरभाउपत्र सम्बन्धि विस्तृत विवरण तथा शर्तहरु कटारी नगरपालिकाको वेव साईट http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



## Roshi Rural Municipality

Roshi-07, Kavre

Bagmati Province, Nepal

### NOTICE FOR TENDER PUBLICATION

Date of Publication: 2080/05/01

This is to notify that online invitation for bids published for following project listed in the E-GP System *(https://bolpatra.gov.np/egp)* of government of Nepal, Bidders can only bid electronically for further details bidders are Requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO' Website *https://bolpatra.gov.np/egp*

Contract Details

| Name Of Project | Contract ID | Estimate Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| Upgrading of Chaukidada Khaharepagu Sadak,Roshi-03 | RRM/UCKS/W/ NCB/01-2080/81 | 1,45,59,812.10 | 3,75,000.00 | 3000 |
| Upgrading of Mamti Harkapur Ghyangdada Inter Rural Municipality Sadak,Roshi 12 | RRM/UMGS/W/ NCB/02-2080/81 | 1,94,14,682.76 | 5,00,000.00 | 3000 |

Chief Administration Officer


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । *अध्यक्ष* : प्रल्हाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । *कार्यालय* : कुपण्डोल, ललितपुर । *फोन* : ०१-५९०२१३६, *फ्याक्स* : ०१-५९०२१३९ e-mail : aarthik.dainik@gmail.com । *सम्पादक* : रामप्रसाद पुडासैनी